# १०

# "मण्डली" के हो ?

एउटा अर्को देश र संस्कृतिको मानिस लामै समयको निम्ति संयुक्त राज्य अमेरिकाको भ्रमण गर्न चाहन्थ्यो । अंग्रेजी सिक्न कडा मेहनत गरिसकेपछि, उसले उ त्यो यात्राको निम्ति तयारभएको छ भन्ने विश्वास गऱ्यो । उसले लामो समयदेखि प्रतिक्षा गरेको यात्रा गऱ्यो र उसको आगमनको केही समयपछि नै उसको अंग्रेजीको ज्ञानको परीक्षा भयो । उ एउटा सानो किराना पसलमा धेरै थोकहरू किन्न गएको थियो । उसलाई पसलेले कति पैसा तिर्नु पर्छ भन्यो । उसले खल्तीमा हात हाल्यो, पैसा निकाल्यो, ठीक रकम गनेर पसलेलाई दियो । उसले आफ्ना सामानहरू झोलामा हालेर त्यहाँबाट निस्कन हिँड्यो । जब उ ढोकाबाट निस्कँदै थियो, पसलको कामदारले कृपापूर्वक भन्यो, "फर्की आउनु होला ।" त्यो ग्राहक रोकियो, फर्केर त्यस कामदार कहाँ आयो । त्यस कामदारले उसलाई भन्यो, "के म तपाईलाई सहयोग गर्न सक्छु ?" केही अलमल्लमा पर्दै, त्यस मानिसले भन्यो, "तपाईंले मलाई फर्कि आउनु भनेको होइन !"

ती मानिसले एउटा अभिव्यक्ति जसको अर्थ "सामान किन्न आउनुभएको निम्ति धन्यवाद, चाँडै हामीलाई सेवा गर्ने मौका दिनुहोस्" भन्ने हुन्छ, लाई शाब्दिक अर्थमा लिएका थिए । उनले त्यो कामदारले अपेक्षा गरेअनुसारको अर्थ बुझ्न नसकेको परिणाम स्वरुप सम्वादमा असफलता प्राप्तभएको थियो ।

हामी सबैले उनको जस्तै अनुभव गरेका हुन्छौं । हामीलाई हामीसँग बोलिएका शब्दहरू त थाहा हुन्छ, तर हामीलाई ती शब्दहरू हामीसँग बोल्नेले कसरी प्रयोग गरेका छन् भन्ने थाहा हुँदैन । हामीहरू शब्दहरूलाई त बुझ्दछौं तर दिन खोजिएको अर्थचाहिँ पूर्णरुपमा बुझ्दैनौं ।

जे भए तापनि तपाईले यसलाई देख्नुभयो, संवाद कठिन हुन्छ । संवाद हुनको निम्ति बोल्नेबाट पनि र सुन्नेबाट पनि धेरै कुरा गरिनु पर्दछ ।

आउनुहोस् यो संवादको प्रकृयालाई बाइबल अध्ययनमा पनि प्रयोग गरौँ । हामी र बाइबलको बिचमा फलदायी संवाद स्थापना हुनको निम्ति, हामीले प्रयोग भएका शब्दहरू मात्र सुन्ने होइन, तर उनले जब ती शब्दहरू चुनेका थिए त्यस बेला प्रेरणाप्राप्त लेखकको मनमाभएको अर्थ पनि थाहा पाउने चाहना गर्नुपर्दछ । यसो भन्नुको अर्थ एउटा शब्द अथवा वाक्यांश देखा पर्दाको सन्दर्भलाई हामीले बुझ्ने प्रयास गर्नै पर्दछ । परमेश्वरसँगको इमानदारीताले उहाँको सन्देशमा परमेश्वरले इच्छा गर्नुभएको अर्थ हामीले होशियारीका साथ खोजी गर्नुपर्ने माग गर्दछ ।

"मण्डली" भन्ने शब्दसँग धेरै जसो हामी परिचित छौं । परमेश्वरले यसबारेमा हामीसँग धर्मशास्त्रको वचनमा लामै कुरा गर्नुभएको छ । हामी र परमेश्वरको बिचमा यो शब्द सम्बन्धमा कुराकानी हुनको निम्ति, हामीले बाइबलिय संसारमा जाने इच्छा गर्नुपर्दछ र त्यो शब्दको अर्थहरू, उदाहरणहरू र विचारका नमूनाहरू येशू, प्रेरितहरू र परमेश्वरको पवित्र आत्माद्वारा बाइबल लेखेका अरु प्रेरणाप्राप्त मानिसहरूले जस्तै देख्न सक्नुपर्दछ ।

"मण्डली" के हो ? जसरी नयाँ करारले यो शब्द विविध प्रसंगमा ११४ पल्ट[1] प्रयोग गरेको छ, यसको सत्ताइस वटा पुस्तकहरू मध्ये सत्रवटामा[2] हामीसँग त्यसबारेमा के भनिएको छ ? कहिले येशूले मण्डली स्थापना गर्नुभएको थियो, उहाँले के निर्माण गर्नुभएको थियो ?

## एउटा आत्मिक शरीर

सबैभन्दा पहिले हामीले मण्डली ख्रीष्टको आत्मिक शरीर हो, वास्तवमा ख्रीष्टको आत्मिक शरीर हो भन्ने सत्यता स्वीकार गर्नुपर्दछ ।

"मण्डली" भन्ने शब्दका साथ जुन एउटा चित्र अक्सर गरेर हाम्रो मनमा आउँदछ त्यो एउटा भौतिक भवनको हुने गर्दछ जसमा आराधना गर्ने गरिन्छ । त्यो शब्द नयाँ करारमा, यद्यपि, कहिल्यै यो अर्थ दिन प्रयोग गरिएको छैन ।

---

[1] इथेलवर्ट डब्लू. ब्यूलिङगर, ए क्रिटिकल लेक्सीकन एण्ड कन्कर्डेन्स टू द इंगलिस एण्ड ग्रीक न्यू टेस्टामेन्ट (ग्राण्ड र्‍यापिड मिसि: जोन्डरभ्यान, १९७५), १५३ ।

[2] "चर्च" (नेपालीमा "मण्डली" भनी अनुवाद गरिएको छ) भन्ने शब्द मर्कूस, लूका, यूहन्ना, २ तिमोथी, तीतस, १ र २ पत्रुस, १ र २ यूहन्ना, र यहूदामा प्रयोग गरिएको छैन ।

धर्मशास्त्रहरूमा, “मण्डली” शब्दले, जसले ख्रीष्टको सुसमाचारमा विश्वास गरेका हुन्छन् र ख्रीष्टको रगतद्वारा उध्दार पाएका हुन्छन्, स्थानीय र विश्वव्यापी अर्थमा तिनीहरूको भेलाभएको समूह हो भन्ने कुरा दर्शाएको छ ।

पहिलो त, उध्दार पाएकाहरूको समूह तिनीहरू जो भेला भएका हुन्छन् अथवा परमेश्वरको आराधना गर्न जम्मा भएका हुन्छन् त्यसलाई “मण्डली” भनिएको छ । जब पावलले कोरिन्थमाभएको मण्डलीलाई तिनीहरू भेला हुँदा हुने फूटको निम्ति हप्काएका थिए, उनले ख्रीष्टियानहरूको भेलाको निम्ति “मण्डली” भन्ने शब्दको प्रयोग गरेका थिए । उनी भन्छन्, “... किनकि पहिले त मण्डलीमा एकसाथ भेला हुँदा तिमीहरूमा फाटो हुन्छ भन्ने म सुन्दछु, ...” (१ कोरिन्थी ११:१८) ।

अर्को, कुनै एउटा निश्चित स्थानमा भएका उध्दार पाएका मानिसहरूको समूहको निम्ति पनि “मण्डली” शब्द प्रयोग गरिएको छ। कोरिन्थमा भएका उध्दार पाएकाहरूको समूहलाई “कोरिन्थमाभएको परमेश्वरको मण्डली” भनिएको छ (१ कोरिन्थी १:२ क) ।

अझ बढी, “मण्डली” विश्वभरी भएका उध्दार पाएका सबै जनहरूको निम्ति पनि प्रयोग गरिएको छ । पावलले मण्डलीलाई विश्वव्यापी अर्थमा पनि उल्लेख गरेका छन्, जब उनले भनेका छन्, “किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ” (एफिसी ५:२३) ।

आउनुहोस् हामीले यो नयाँ करारले प्रयोग गरेको “मण्डली” शब्द प्रेरितको एउटा निश्चित घटनामा प्रयोग गरी हेरौं । पेन्तिकोसको दिनमा यरुशलेमका धेरै बासिन्दाहरू र यात्रीहरूले (प्रेरित २:१-४) पवित्र आत्मा बाहिरी चिन्हहरूका साथ खनाइएको सुनेका र के भइरहेको छ भनेर हेर्न प्रेरितहरूको वरिपरी जम्मा भएका थिए । जब पत्रुसले भीडलाई प्रचार गरेका थिए, उनले तिनीहरूलाई येशू नै प्रभु र ख्रीष्ट दुवै हुनुहुन्छ भन्नेमा सहमत गराएका थिए (प्रेरित २:३६) । जसले तिनीहरू धेरैको हृदय छियाछिया भयो र कराएर भने, “हामीले के गर्ने ?” (प्रेरित २:३७ ख) । किनभने विश्वासले तिनीहरूलाई कराउन प्रोत्साहित गरेकोले, पत्रुसले तिनीहरूलाई विश्वास गर भन्नु परेन, तर उनले तिनीहरूलाई जे गरेका छैनन् त्यो गर भन्नु परेको थियो–पश्चाताप गर्नु र तिनीहरूको पाप-क्षमाको निम्ति बप्तिष्मा

लिनु (प्रेरित २:३८) । तीन हजार जनाले मुक्तिको मार्ग खुसीका साथ ग्रहण गरे, पश्चाताप गरेर, पाप-क्षमाको निम्ति बप्तिष्मा लिएका थिए (प्रेरित २:३८-४१) ।

ध्यान दिनुहोस् लूकाले कसरी त्यस दिन केभएको थियो भन्ने वर्णन गरेका छन् । सबभन्दा पहिला उनी परिवर्तन भएकाहरूलाई उनीहरू के भएका थिए भन्ने शब्दमा वर्णन गर्दछन् (प्रेरित २:४१) । जो प्रभुको वचनप्रति आज्ञापालक भएका थिए उनीहरू प्रभुको मण्डली बनाइएका थिए । उनीहरू एउटा संगतिको अंग, एउटा समूह भएका थिए । दोस्रो, लूका उनीहरूको नयाँ आचरणलाई ध्यानमा राखेर उनीहरूलाई उल्लेख गर्दछन् । उनीहरूले परमेश्वर तर्फको आचरणमा एउटा नयाँ जीवन पाएका थिए (प्रेरित २:४२) । यो उध्दार पाएका मानिसहरूको समूहले परमेश्वरको आराधना गर्दथ्यो र प्रेरितहरूबाट ईश्वरीय आज्ञाहरू पाउँदथ्यो । उनीहरूको एक अर्का प्रतिको व्यवहारमा उनीहरूले एउटा नयाँ जीवन पाएका थिए (प्रेरित २:४४, ४५) । उनीहरू एक-अर्काको हेरविचार गर्दथे, भार उठाएर, बाडचुड गरेर र रेख-देख गरेर–एक अर्काको भार उठाएर, आवश्यकतामा हुनेहरूसँग बाडचुड गरेर, र एक अर्काको वास्ता फिक्री गरेर । यो विश्वासीहरूको समूहलाईपछि प्रेरितमा "मण्डली" कोरुपमा उल्लेख गरिएको छ (प्रेरित ५:११) ।

जब यी यरुशलेममा उध्दारपाएकाहरू परमेश्वरको आराधना गर्न भेला हुन्थे, उनीहरू "मण्डली" हुन्थे (भेलाभएको अर्थमा) । यरुशलेममा उध्दार पाएका सबै जनालाई "मण्डली" कोरुपमा उल्लेख गर्न सकिन्छ (स्थानीय अर्थमा) । जब त्यो मण्डली बढ्यो र फैलियो, पृथ्वीमा भएका सम्पूर्ण उध्दार पाएका ती मानिसहरूलाई त्यससमय यसो भनेर सम्बोधन गर्न सकिन्थ्यो, "जब येशू फेरि आउनु हुनेछ, उहाँले आफ्नो मण्डलीलाई ग्रहण गर्नु हुनेछ (विश्वव्यापी अर्थमा) र त्यसलाई स्वर्ग लिएर जानु हुनेछ ।"

## एउटा जीवित शरीर

दोस्रो, हामीले मण्डलीलाई एउटा जीवित शरीरको–एउटा जीवित थोककोरुपमा हेर्नु पर्दछ ।

कसै-कसैले उध्दार पाएका मानिसहरूको समूह जसलाई

"मण्डली" भनिन्छ, त्यसलाई एउटा संगठनकोरुपमा कुनै प्रकारको मानवीय संस्थाकोरुपमा सोंच्दछन् । उनीहरूले यसलाई कुनै भर्ना हुन सकिने अथवा स्वयम् आवध्द हुन सकिने संस्था हो, र त्यसभन्दा बढी केही होइन भनी हेर्ने गर्दछन् ।

एउटा उध्दार पाएका मानिसहरूको समूहकोरुपमा, मण्डली एउटा जीवित शरीर हो, कुनै एउटा मानवीय संगठन होइन । त्यो मण्डली जसलाई ख्रीष्टले स्थापित गर्नुभएको हुन्छ त्यो परमेश्वरको जीवन र आशिषका साथ जीवित र कृयाशील हुन्छ, यो कुनै मानिसले बनाएको समूह होइन, जुन पूर्णरुपमा मानिसको ज्ञान, नमूनाहरू र कृयाकलापहरूबाट कृयाशील हुन्छ ।

पावलले कोरिन्थमाभएको मण्डलीलाई मन्दिर, पवित्र स्थल अथवा परमेश्वरको वासस्थानकोरुपमा वर्णन गरेका छन् । "के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ र परमेश्वरका पवित्र आत्मा तिमीहरूमा वास गर्नुहुन्छ ?" उनले १ कोरिन्थी ३:१६ मा भनेका छन् ।[३]पछि १ कोरिन्थी ६:१९, २० मा पावलले व्यक्तिगतरुपमा ख्रीष्टियानलाई परमेश्वरको मन्दिरकोरुपमा चित्रण गरेका छन् जब उनले व्यभिचारलाई एउटा व्यक्तिको शरीरको विरुध्दको पापकोरुपमा दोष लगाएका छन् । १ कोरिन्थी ३:१६ मण्डली प्रतिको एउटा प्रसंग हो, एउटा व्यक्तिगत ख्रीष्टियानको होइन ।[४] पावलले परमेश्वर उहाँका मानिसहरूको बिचमा वास गर्नु हुन्छ भन्ने निश्चित गरिरहेका थिए । उहाँ व्यक्तिगतरुपमा उहाँका मानिसहरूमा बास गर्नुहुन्छ (१ कोरिन्थी ६:१९, २०) । पुरानो करारको समयमा, उजाडस्थानमा परमेश्वर वास गर्नु हुने ठाउँ उजाड स्थानमाभएको पवित्र वासस्थान र पछि यरुशलेममाभएको मन्दिर थियो, तर ख्रीष्टियान युगमा पावलले भने अनुसार, परमेश्वर मण्डली, उहाँका मानिसहरूमा वास गर्नुहुन्छ ।

मण्डलीलाई एउटा जीवित भवनसँग दाँज्न सकिन्छ । जस्तो पावलले एफिससका ख्रीष्टियानहरू के भएका थिए भनी प्रकाश पारेका

---

[३]ग्रीक भाषामा "मन्दिरको" निम्ति दुइवटा शब्दहरू छन्: *naos* र *hieron* । यो पदमा पावलले प्रयोग गरेको "मन्दिर" शब्द *naos* हो, *hieron* होइन । *naos* ले उपयुक्तरुपमा मन्दिर, वासस्थानलाई उल्लेख गर्दछ–मन्दिर परिसरलाई होइन, जस्तो *hieron* शब्दले गर्दछ । पावलले ख्रीष्टको शरीर परमेश्वरको वासस्थान हो भन्ने निश्चित गरेका थिए ।

[४]यो वाक्यमा, "तिमीहरू" मूल ग्रीक ग्रन्थमा द्वितीय पुरुष बहुवचन हो, त्यसले मानिसहरूको समूहलाई ध्यानमा राख्नुपर्ने संकेत गर्दछ, १ कोरिन्थी ६:१९, २० मा जस्तो एउटा व्यक्ति मात्र होइन ।

छन्, उनी भन्दछन् तिनीहरू एकसाथ मिलेर एउटा घर बनेका थिए, जुन खीष्टियानहरू मिलेर बनेको थियो र निरन्तर बृध्दि भइरहेको अवस्थामा थियो । पावल भन्दछन्, "उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दै जान्छ । अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदै जान्छौ" (एफिसी २:२१, २२) । त्यो घर जसको वर्णन उनले गरेका छन् त्यो प्रेरितहरू र अगमवक्ताहरूको जगमा बसालिएको थियो, जसको मुख्य कुने ढुङ्गो स्वयम् खीष्ट हुनुहुन्छ । त्यो घर खीष्टियानहरू मिलेर आफै बनेको हुन्छ । यसको कुनै छत हुँदैन, जब मानिसहरू सुसमाचारको आज्ञापालन गरेर यसमा थपिँदछन् यो निरन्तर माथितर्फ बढ्दै जान्छ ।

मण्डली, त्यसो भए, एउटा संगठन होइन–यो त परमेश्वरको आत्मा बास गर्नुहुने एउटा जीवित शरीर हो। यो एउटा खीष्टियानहरूको समूह हो जो परमेश्वरको जीवनद्वारा जीवित हुन्छन् र जसद्वारा परमेश्वरको आत्मा वास गर्नुहुने एउटा स्थान बनेका हुन्छन् । तपाईले मण्डलीलाई परमेश्वरको पृथ्वीको बासस्थान हो भन्न सक्नुहुन्छ ।

## एउटा प्रगाढ सम्बन्ध

तेस्रो, मण्डलीको खीष्टसँग नजिकको सम्बन्ध छ भन्ने अर्थमा सोच्नु पर्दछ ।

सांसारिक दृष्टिकोणबाट पनि, व्यक्तिहरू मिलेर बनेको मण्डलीको सदस्यतालाई मानिसहरूको कुनै समूहसँग एउटा विशेष सम्बन्धमा प्रवेश गर्नु भन्ने अर्थमा सजिलै सोंच्न सकिन्छ । मण्डली प्रतिको यो दृष्टिकोणले जे भए तापनि, एउटा महत्वपूर्ण सत्यलाई छुटाएको हुन्छ । मण्डलीमा एउटा महत्वपूर्ण, अन्तरंग, कृयाशील सम्बन्ध समावेश हुन्छ र त्यो सम्बन्ध येशूसँगको अन्तरंग सम्बन्धमा केन्द्रित हुन्छ ।

यो निरन्तर रहने मण्डलीको येशूसँगको सम्बन्ध यति नजिकको हुन्छ कि यसलाई शरीर/शिरको सम्बन्धकोरुपमा वर्णन गरिएको छ । खीष्टियानहरू शरीर हुन् र येशू शिर हुनुहुन्छ। परमेश्वरले मण्डलीलाई येशूको आत्मिक शरीर बनाउनुभएको छ, अदृश्य खीष्टको पृथ्वीमा आजभएको देखिने भाग । निश्चय नै प्रभुलाई एउटा भौतिक शरीरको आवश्यकता थियो जसले यस पृथ्वीमा हुँदा उहाँको उध्दारको कामलाई

पूरा गरेको होस्, साथै उहाँलाई एउटा आत्मिक शरीरको पनि आवश्यकता थियो जसले उहाँको उध्दारको कामको फल हरेकलाई, सबै ठाउँमा उपलब्ध गराउन सकेको होस् । पेन्तिकोसको दिनमा, त्यसैकारण, येशूको मृतकबाटभएको पुनरुत्थानको पचास दिनपछि, पवित्र आत्मा मण्डली, खीष्टको त्यो आत्मिक शरीर निर्माण गर्न ओर्लनु भयो । त्यस दिन देखि यो दिनसम्म, प्रत्येक उध्दार पाएको व्यक्ति, उहाँको उध्दारको समयमा, परमेश्वरको अद्‌भूत अनुग्रहबाट त्यस शरीरमा राखिएको हुन्छन् ।

यसरी नयाँ करारमा मण्डलीलाई प्रेरणाप्राप्त लेखकहरूद्वारा सामान्यरुपमा खीष्टको "शरीर" भनिएको छ (एफिसी १:२१-२३, ५:२३) । तिनीहरू जसले खीष्टको सुसमाचारको आज्ञा पालन गरेका हुन्छन् र यथार्थमा पृथ्वीमाभएको खीष्टको आत्मिक शरीरकोरुपमा काम गर्दछन्, स्वयम् शिर खीष्टद्वारा अगुवाई गरिएका हुन्छन् । त्यसैले सत्य कुरा के हो भने जब कसैले बप्तिष्मा लिन्छन्, नयाँ करारले स्पष्टरुपमा भनेको छ कि उनले "खीष्टमा" (रोमी ६:३, गलाती ३:२७) अथवा "एउटै शरीरमा" (१ कोरिन्थी १२:१३) बप्तिष्मा लिएका हुन्छन् ।

मण्डलीको येशूसँग अति नै प्रगाढ सम्बन्ध हुन्छ जसमा यस पृथ्वीमा कुनै पनि व्यक्ति प्रवेश गर्न सक्दछ । मण्डली खीष्टको पूर्णता हो, उहाँको शरीर उहाँको पूर्णता हो जसले सबैथोक भरिपूर्ण पार्नु हुन्छ (एफिसी १:२३) । खीष्ट मण्डलीको पूर्णता हुनुहुन्छ, किनभने उहाँका जनहरू उहाँमा पूर्ण हुन्छन् (कलस्सी २:१०) । मण्डली, उहाँको शरीर, खीष्ट, शिर बिना अपूर्ण हुन्छ (एफिसी १:२२) । त्यसै गरी खीष्ट शिर, उहाँको शरीर, मण्डली बिना अपूर्ण हुनुहुन्छ (कलस्सी १:१८) । शिरसँगभएको र हुने सबैथोक मण्डलीको हुनु पर्दछ र मण्डलीसँगभएको सबै खीष्ट, उसको शिरको अधिनमा हुँदछ । उहाँको मण्डलीकोरुपमा, त्यसैकारण, खीष्टियानहरूले खीष्टसँगको एउटा दैनिक, निरन्तरको साझेदारीको अनुभव गर्दछन् । खीष्टमा भएकाहरूले खीष्टियानिटीको घोषणा मात्र गर्दैनन्, उनीहरू खीष्टको घोषणा गर्नेहरू पनि हुन्छन् । ती उहाँका शरीरमा हुनेहरूमा, खीष्टको पूर्णताको झरना बगेको हुन्छ ।

जब पावल एफिसी ५ मा मण्डलीकोबारेमा छलफल गर्दछन्, उनले यसको खीष्टसँगको सम्बन्धलाई पति/पत्नीको सम्बन्धकोरुपरेखा प्रयोग गर्दै तुलना गर्दछन्, जसमा पतिले खीष्टलाई दर्शाएको छ भने

पत्नीले मण्डलीलाई दर्शाएको छ । उनी पहिला यो सम्बन्धलाई सिध्दान्तमा उल्लेख गर्दछन् । खीष्ट मण्डलीको शिर हुनुहुन्छ जसरी पति पत्नीको शिर हुन् (एफिसी ५:२३) । दोस्रो उनी यस सम्बन्धको बारेमा अभ्यासमा अथवा कार्यरुपमा बोल्दछन् । जसरी पत्नी हरेक कुरामा उनको पतिको अधिनमा रहन्छिन्, त्यसैगरी मण्डली पनि खीष्टको अधिनमा रहनु पर्दछ (एफिसी ५:२४) । अन्त्यमा, पावल यस सम्बन्धको उद्देश्यकोबारेमा छलफल गर्दछन् । पतिले आफ्नो पत्नीलाई प्रेम गर्नुपर्छ, जसरी खीष्टले मण्डलीलाई प्रेम गर्नुभयो र यसमा उहाँले उहाँमा विश्वास गर्नेहरूको समूहलाई उहाँसँग अनन्तसम्म जिउन तयार गरिरहनुभएको छ (एफिसी ५:२५-२७) ।

नयाँ करारको मण्डली, त्यसको केन्द्रमा, खीष्टसँगको सम्बन्ध हुन्छ । यो प्राथमिकरुपमा मानिसहरूसँगको एउटा सम्बन्ध मात्र होइन, तर यसको परिणामस्वरुप तुरुन्तै अरु खीष्टियानहरूसँग मण्डलीको अरु सदस्यहरूसँगको सम्बन्ध, यहाँसम्म कि एउटै पिताको एक-अर्कासँग नाता पर्ने सन्तानहरू जस्तै विकसित भएर जाँदछ । खीष्टको शरीरका अंगहरू एक-अर्काका अंग हुन्छन्, तर, त्यसभन्दा पहिलो र बढी मण्डली खीष्टको शरीर हो । खीष्टको मण्डलीको अंग हुनको निम्ति हामीले खीष्टसँगको सम्बन्धमा प्रवेश गर्नै पर्दछ, एउटा यस्तो अन्तरंग र विशेष सम्बन्ध जसमा एउटा शिरको अधिनमा रहेजस्तो हामी उहाँको अंग हुँदछौं ।

## निष्कर्ष

धेरै जना "मण्डली" शब्दको सही अर्थमा अलमलिएका छन् । त्यस्तो अलमल नहुनु पर्ने हो, किनभने बाइबल यसको अर्थमा स्पष्ट छ ।

"मण्डली" के हो ? यो एउटा आत्मिक शरीर हो जुनहरू खीष्टको सुसमाचारको आज्ञापालन गरेर, उहाँका जनहरू भएका हुन्छन् र उहाँका मानिसहरू भएर एउटा तोकिएको समुदायमा आराधना गरिरहेका र काम गरिरहेका हुन्छन् । उनीहरूले उहाँको नाम धारण गरेका हुन्छन् र यस पृथ्वीमाभएको उहाँको आत्मिक शरीर भएका हुन्छन् । उनीहरू हरेक कुरामा खीष्टलाई सम्मान गर्दछन् । यो आत्मिक समूह एउटा जीवित शरीर हुन्छ जसमा जीवित परमेश्वरको आत्मा

वास गर्नुहुन्छ । एउटा मण्डलीको अंग हुनु भनेको एउटा मानवीय संगठनमा सहभागी हुनु अथवा एउटा समूहको सदस्यताप्राप्त गर्नु मात्र होइन । यसको अर्थ त ख्रीष्टसँग एउटा अन्तरंग, निरन्तर चलिरहने सम्बन्ध बनाउनु हो ।

मण्डली, ख्रीष्टको शरीरमा, विश्वासद्वारा प्रवेश गर्न पाइन्छ । यो विश्वासको प्रतिक्रियामा पश्चाताप (प्रेरित १७:३०, ३१), ख्रीष्टलाई परमेश्वरको पुत्रकोरुपमा गरिने स्वीकार (रोमी १०:१०) र ख्रीष्टमा लिइने बप्तिष्मा समावेश हुन्छन् (रोमी ६:३, गलाती ३:२७)। बप्तिष्माको समयमा, एउटा व्यक्तिको पाप धोइन्छ र उसको नयाँ जन्म पूर्ण हुँदछ, उ ख्रीष्टको शरीरको अंग बन्दछ (प्रेरित २:३८, ४१, ४७, २२:१६, १ कोरिन्थी १२:१३) ।

नयाँ करारको मण्डली कुनै सम्प्रदाय होइन । सम्प्रदायहरू मानिसद्वारा बनाइएका हुन्छन्, नयाँ करारमाभएको मण्डली प्रभुद्वारा नक्शाङ्कन गरिएको, श्रृष्टि गरिएको, बास गरिएको र पालन गरिएको हुन्छ । सम्प्रदायहरू पृथ्वीबाट मानिसहरूबाट आएका हुन्, नयाँ करारको मण्डली स्वर्गबाट परमेश्वरबाट आएको हो । मण्डली ख्रीष्टको अधिनमा छ यसले उहाँको नाउँ धारण गर्दछ, आराधनाको निम्ति एकसाथ भेला हुन्छ, संसारमा उहाँको काम गर्दछ र उहाँको आत्माद्वारा बास गरिएको हुन्छ (१३ अध्यायमाभएको "नयाँ करारको मण्डली" शीर्षकभएको खण्ड हेर्नुहोस्) ।

ख्रीष्टबाट सबै मानिसहरूलाई उहाँको मुक्तिको सर्तहरू अनुसार उहाँको मण्डलीमा प्रवेश गर्न (प्रकाश २२:१७) र यस संसारमा उहाँको मण्डलीकोरुपमा जीवन बिताउन निमन्त्रणा गरिएको छ ।

## अभ्यासका निम्ति प्रश्नहरू

(उत्तरहरू परिशिष्ट १ मा छन्)

१. पवित्र आत्माले एउटा शब्द जस्तै धर्मशास्त्रमाभएको "मण्डली" शब्द कसरी प्रयोग गरिरहनुभएको छ भनी बुझ्न कति आवश्यक हुन्छ ?
२. नयाँ करारमा "मण्डली" शब्द विभिन्न तरिकाले प्रयोगभएकोबारेमा छलफल गर्नुहोस् ।
३. मण्डली परमेश्वरको मन्दिर हो । आज ख्रीष्टियानको जीवनमा यसको के अर्थ लाग्दछ ? के मण्डलीको यस नामले यसका

सदस्यहरूले कसरी जीवन बिताउनु, काम गर्नु र आराधना गर्नुपर्दछ भन्ने संकेत गर्दछ ?

४. के अर्थमा मण्डली एउटा "जीवित" घर हो ?
५. कुन तरिकाले पति/पत्नीको सम्बन्धले मण्डलीको येशूसँगको सम्बन्धलाई प्रकाश पार्दछ ?
६. एक व्यक्ति ख्रीष्टिय मण्डलीमा कसरी प्रवेश गर्न सक्दछ स्पष्ट व्याख्या गर्नुहोस् ।
७. कुन अर्थमा मण्डली अद्भूतरुपमा ख्रीष्टको अधिनमा छ ?

## शब्द सहायताहरू

**सम्प्रदाय**–बाइबलमा नपाइने विशिष्ट एउटा नाम भएका धार्मिक झुण्डहरू, जुन निश्चित विश्वासको सारहरू अन्तर्गत संगठित हुन्छ र कुनै किसिमको परिषदबाट शासन गरिएको हुन्छ । नयाँ करारमा कुनै सम्प्रदाय पाइँदैन, त्यसैले यो एउटा बाइबलिय शब्द होइन ।

**संगति**–चाहनाहरू, विचारहरू वा अनुभवहरू बाँडचुड गर्नु, त्यो प्रेम जसले ख्रीष्टियानहरूको हृदय एक अर्काको निम्ति भरिएको हुन्छ ।

**व्यभिचार**–शारीरिक सम्बन्धको पाप, विवाह नगरी गरिने शारीरिक सम्बन्ध ।